# कनकाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल

(1) [redacted]

पत्र संख्या :-
चलानी नं. :-

मिति :...................

(पहिलो पटक प्रकाशित मितिः २०७८ /०५/२९)

विषयः सटर भाडा लगाउने सम्बन्धी सूचना ।

यस कनकाई नगरपालिका वडा नं ७ दुर्गापूर बजारमा रहेको ६ वटा व्यापारिक सटरहरु भाडामा लगाउनु पर्ने भएकोले ईच्छुक व्यक्ति/फर्म/संघ संस्थाले तपशिलको शर्तको अधिनमा रहि मिति २०७८/०५/२९ देखि मिति २०७८/०६/१२ गते सम्म कार्यालय समय भित्र रु.१००० अक्षेरपि एक हजार (फिर्ता नहुने) तिरि फारम खरिद गर्न सकिनेछ । खरिद गरीएको फारम तोकीएको ढाँचामा भरि १६ औं दिनको १२ बजे भित्र शिलबन्दि गरि यस नगरपालिकामा दर्ता गराउनु पर्नेछ । सो दिन सार्वजनिक बिदा पर्न गएमा बिदा लगतै कार्यालय खुलेको दिनको २ बजे रित पुर्वक खोलिनेछ ।

शर्तहरू:-

१. कोठा भाडा लिन चाहने व्यक्ति फर्म वा संघ संस्थाले प्रति महिना पछाडी तर्फको सटरको मासिक भाडा न्यूनतम रु.२००० अक्षेरपि दुई हजार र प्रति सटरको न्यूनतम धरौटी रु.१,५०,०००/-अक्षेरपी रुपैया एक लाख पचास हजार हुनेछ । व्यापारिक सटरहरु पूर्ण रुपमा निर्माण भई संचालनको लागि तयार भए पश्चात मात्र संझौता गरि उल्लेखित दरको मासिक भाडा रकम लिईनेछ । कबोल गर्ने व्यवसायीले धरौटी वापतको रकम प्रस्ताव स्वीकृत भएको ७ दिन भित्रमा जम्मा गर्नुपर्नेछ । निर्धारण गरिएको मासिक भाडा र धरौटी रकम भन्दा बढी कबोल गर्ने व्यक्ति फर्म वा संघ संस्थाले शिलबन्दी गरेको फारमलाई प्राथमिकता दिईनेछ । बढी भाडा कबोल भई आएको आधारमा कोठाको संख्या ध्यानमा राखी क्रमशः कोठा उपलब्ध गराईनेछ ।

<u>कोठाका विवरणहरु</u>

| सि. नं. | कोठाको विवरण | संख्या | कोठाको लम्बाई/चौडाई | मासिक न्युनतम भाडा दर | प्रति सटर धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सटर पछाडीको | ६ | ११ •१२ | २००० | १,५०,०००/- | पश्चिम तर्फको सटर |

२. तपशिल बमोजिमको व्यावसायलाई मात्र सटर भाडामा उपलब्ध गराईनेछ ।

क) कस्मेटिक, कपडा, औषधी, ईलेक्ट्रोनिक्स, भाँडाकुडा, कार्यालय प्रयोजन, भेटेरीनरी, ब्यूटीपार्लर, किराना पसल, (होटल व्यावसाय बाहेक) अन्यलाई सटर उपलब्ध गराईनेछ ।

ख) वडा भित्र रहेका आफ्नै घरबाट व्यावसाय संचालन गरि रहेका व्यावसायीलाई सटर उपलब्ध गराईने छैन ।

ग) वडा तथा नगरवासी पुराना व्यावसायीलाई पहिलो प्राथमिकता दिई सटर उपलब्ध गराईनेछ ।

घ) १ व्यावसायी १ सटरको रुपमा उपलब्ध गराईनेछ ।

ङ) अघिल्लो सूचनामा स्वीकृत भई सटर प्राप्त गर्ने र अयोग्य भएका फर्महरुले यस सूचनामा आवेदन पेश गर्न पउने छैनन् ।

भोजराज आचार्य
सहायक पाँचौं

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

३. सटर भाडामा लिन छनौट भएका व्यक्ति/ फर्म/संघसंस्थाले धरौटी बापतको रकम यस कनकाई नगरपालिकाको नेपाल बैंक सुरुङ्गा शाखामा रहेको धरौटी खाता नं १४७०३०००००३००००००१ मा नगद छनौट भएको ७ दिन भित्रमा जम्मा गरि सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ ।

४. फारमका साथमा निवेदकले व्यवसाय प्रमाण पत्रको छाँया कपि, नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाकपी र फर्म/संघसंस्थाको प्रमाणपत्र, स्थायी लेखा प्रमाणको छाँया कपि, करचुक्ता प्रमाणपत्रको छाँया कपि पेश गर्नु पर्नेछ ।

५. नेपाल सरकार नगरपालिका वा अन्य संघ संस्थालाई बहालकर लगायत दस्तुर बुझाउनु परेमा भाडावालाले बुझाउनु पर्नेछ ।

६. सटर भाडा उपभोग गर्दाको अवस्थामा जडान गरिएका बिजुली, धारा, टेलिफोन, सरसफाई लगायतका सम्पूर्ण दस्तुरहरु भाडावाल स्वयम्ले उपलब्ध गराउनु पर्नेछ ।

७. यस सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

भोजराज आचार्य
सहायक पाँचौं

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

कनकाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा
१ नं. प्रदेश, नेपाल

भोजराज आचार्य
सहायक पाँचौं

# दुर्गापूर बजार व्यवसायिक भवनको पछाडीको सटर भाडा (आ.व.२०७८/०७९)

विवरण पेश गर्ने व्यक्ति/फर्म/संघ /संस्थाको नाम ठेगानाः-

| सि नं. | विवरण | परिमाण | बोलपत्र दाताले पेश गरेको रकम | | बोलपत्र दाताले पेश गरेको धरौटी रकम | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | |
| १ | सटर पछाडीको ११*१२ | | | | | | |

व्यक्ति/फर्म/संघ /संस्थाको छापः

दस्तखतः

संलग्न कागजातहरुः-

१.
२.
३.
४.

मोहन प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner